


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं।
अन्तर्राष्ट्रिय नारी दिवस भव्यरुपमा मनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क ५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २४ गते मंगलबार ❑ 8 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मानवअधिकारका पक्षमा एमाले एक कदम अघि छ : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

नेकपा (एमाले)का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले मानवअधिकारका पक्षमा एमाले अन्यभन्दा एक कदम अघि रहेको बताउनुभएको छ।



राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स)को पाँचौँ राष्ट्रिय महाधिवेशनको सोमबार पोखरामा उद्घाटन गर्दै उहाँले मानव अधिकार, सामाजिक न्याय आदि क्षेत्रमा पार्टी सबैभन्दा अघि भएको बताउनुभयो।

एमालेले आधुनिक एवं वैज्ञानिक तरिकाले हकअधिकार प्रत्याभूत गर्नेमा विश्वास गर्ने उल्लेख गर्दै उहाँले पार्टीले कहीँ कसैको गरिबी, अभाव, असुरक्षा नहोस् भन्ने मान्ने र त्यसैका लागि सङ्घर्ष गरिराखेकामा जोड दिनुभयो।

एमाले सधैँ आर्थिक समुन्नति, वैज्ञानिक एवं न्यायोचित समानता, हक तथा अधिकारको प्रत्याभूतिका लागि क्रियाशील रहेको बताउँदै उहाँले देशभित्र र बाहिरका प्रतिक्रियावादीसँग मिलेर परमादेशको सरकार बनाइएकोबताउनुभयो।मुद्दाजितेर सरकारबनाउनुभनेकोसिमानाको विषयमा हुने झगडाजस्तो भएको उहाँको भनाइ छ।

आफ्नो नेतृत्वको सरकारका पालामा आग्रही भएर टीकाटिप्पणी गरी दोष दिने बुद्धिजीविहरू अहिलेको सरकारमा काम देखेर पनि चुपचाप बसेको बताउँदै उहाँले अहिले देशको अर्थतन्त्र बिग्रँदा, परराष्ट्र सम्बन्ध बिग्रँदा चुपचाप रहेको आरोप लगाउनुभयो। एलायन्सका अध्यक्ष मीनबहादुर शाहीको अध्यक्षतमा सम्पन्न कार्यक्रममा एमालेका उपमहासचिव विष्णु रिमाल, पूर्वमन्त्री पार्वत गुरुङ, विदेश विभाग प्रमुख डा राजन भट्टराई लगायतले मानवअधिकारका क्षेत्रमा एमालेले खेल्दै आएको भूमिकालगायत विषयमा आफ्ना धारणा राख्नुभएको थियो।

## 'मुलुक बदल्नु छ भने नेता बदलिनु छ'

**प्रकाश डोटेल**
**स्याङ्जा, २३ फागुन**

नेपाली काँग्रेसका उपसभापति धनराज गुरुङले मुलुक बदल्छु भन्ने नेताहरु पहिला आँफै बदलिन आवश्यक रहेको बताएका छन्।



स्याङ्जाको वालिङ नगरपालिका ७ केवरेस्थित बनकट्टामा नवनिर्मित गुरुङ समुदायको कोईबोको उद्घाटन गर्दै उनले नेताहरुमा देखिएको अहिलेकै प्रवृत्तिले मुलुक नबदलिने ठोकुवा समेत गरे। "भााषणमा मुलुक बदल्ने कुरा निक्कै गर्छौं तर ब्यवहारमा फरक छ, यसरी मुलुक बदलिदैन।" उनले भने, "मुलुक बदल्नकालागि सबैभन्दा पहिला नेताहरुमा रहेका कमीकमजोरी तथा सोँचलाई परिवर्तन गर्न आवश्यक छ अनि मात्रै बदलिएको मुलुक बनाउन सकिन्छ।" धेरै नेताभन्दा पनि एक/दुई जना असल नेता भएमात्रै पनि समाज रुपान्तरण गर्न सकिने उनको दावी थियो। "खराब नेताले देश डुबाउँछ तर एउटै असल नेता भएदेखि देशको मूहार परिवर्तन गर्छ र माथि उठाउँछ।" उनले भने, "असल नेता भएकै कारण विश्वका केही देशहरुले निक्कै फड्कोसमेत मारेका छन्, विकासशिल देशकोरुपमा अगाडि उदाएका छन्।" अब नजिकिदै गरेको स्थानीय तहको निर्वाचनमा आमनागरिकले समयमै सचेत भएर कस्तो नेता छान्ने भन्ने सोँच्नुपर्ने बेला आएको उनले बताए। निर्वाचनका बेला बहकाउमा लागियो भने पाँच वर्षसम्म पछुताईरहनु पर्ने भएकाले समयमै सचेत भएर अगाडि बढ्न पनि उनले आग्रह गरे। "एमसिसी राष्ट्रघाती छ भनी गरिएका प्रचारहरु भ्रममात्रै हुन्।" उनले भने "हामी पनि नेपाल आमा र नेपाली जनताका लागि राजनीति गरेका हौं, जुन भ्रम फिंजाईएको छ त्यो सत्य होईन्।" कोईबो निर्माणले गुरुङ समुदायको भाषा, कला, संस्कृतिको संरक्षणकालागि महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई अभियानकैरुपमा सञ्चालन गर्न पनि उनले सुझाव दिए।

## 'माछापुच्छ्रेमा निर्माण हुँदै सुविधायुक्त आवासीय वृद्धाश्रम'

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका-१ देउपुरमा रु सात करोड ५३ लाख ७५ हजारको लागतमा सुविधायुक्त नाना मोहन आवासीय वृद्धाश्रम निर्माण गरिने भएको छ।



आमा स्मृति प्रतिष्ठानद्वारा निर्माण गरी सञ्चालन गर्ने लक्ष्यका साथ निर्माण सुरु गरिएको सो वृद्धाश्रमका लागि इमान फाउण्डेशन जर्मनीको रु पाँच करोड र बाँकी दुई करोड ५३ लाख ७५ हजार गाउँपालिका, आमा स्मृति प्रतिष्ठान तथा स्थानीय जनसहभागिता परिचालन गरिने भएको छ। नेकपा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले सो वृद्धाश्रमको आज शिलान्यास समारोहमा समाजका ज्येष्ठ नागरिकले पाउने नैसर्गिक अधिकारको सुनिश्चितताका लागि राज्य जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। संविधानले सुनिश्चित गरेका मौलिक अधिकारको कार्यान्वयन हुन नसक्दा समाजका ज्येष्ठ नागरिक, महिला, बालबालिका, असहाय एवं विपन्न वर्गलगायत प्राप्त उपलब्धिबाट वञ्चित रहेको उल्लेख गर्दै उहाँले मुलुकका मार्गदर्शक आमा बुबालाई सकेसम्म घरमै र विकल्पको रूपमा मात्र वृद्धाश्रममा व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो। मुलुकको विकासका लागि एउटा पार्टीले कम्तीमा पनि २० देखि ३० वर्षसम्म राज्य सञ्चालन गर्नुपर्ने

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## चौतारीको महाधिवेशनको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

प्रेस चौतारी नेपालको नवौं राष्ट्रिय महाधिवेशनको तयारी तिव्र पारिएको छ।

यहीं फागुन २७ र २८ गते पोखरामा आयोजना हुन लागेको महाधिवेशनलाई भव्य बनाउन मुल व्यवस्थापन समिति तथा महाधिवेशनलाई लक्षित गरेर निर्माण गरिएका विभिन्न उपसमितिले सक्रियता बढाएका छन्। सबै समितिको सक्रियतामा पोखरामा बेग्लै रौनक थपेको छ। विभिन्न उपसमितिले आफ्नो जिम्मेवारीलाई कुशलतापूर्वक पुरा गर्न कस्सिएका छन्। महाधिवेशनको प्रचारको लागि कास्की जिल्लाका विभिन्न ठाउँ तथा पोखरा आउने विभिन्न राजमार्गको नाकामा होडिङबोर्ड राखिएको छ। कास्की तथा छिमेकी जिल्लाका विभिन्न ठाउँमा स्वागतद्धार तथा डिजिटल होडिङबोर्ड समेत निर्माण गरिएको छ। केही ठाउँमा निर्माण हुने क्रममा रहेको मञ्च व्यवस्थापन उपसमितिका संयोजक राम्जी प्रसाद लम्सालले बताउनुभयो। अधिवेशनमा आउने पाहुनाको बसाईलाई ध्यान दिदै आवास व्यवस्थापन उपसमितिले प्रतिनिधिको विवरण अद्यावधिक गर्ने काम अन्तिम चरणमा पुऱ्याएको छ। उता प्रचार समितिले जिंगलहरुको निर्माण गरिरहेको छ। विभिन्न सूचनामुलक सामाग्री मार्फत समेत महाधिवेशनको प्रचार गर्न थालिएको छ। महाधिवेशनको स्वास्थ्य उपसमितिले सोमबार मेडिसिटी हस्पिटलसँग एमओयू गरेको उपसमिति संयोजक जमुना वर्षा शर्माले जानकारी दिनुभयो। सबै उपसमितिले नियमित भेटघाट छलफल कार्यक्रम आयोजना गरिरहेका छन्। महाधिवेशनको नारा 'समृद्धिका लागि सञ्चार कर्म।

प्रेस चौतारीको मूल मर्म' रहेको छ। २०५५ साल मंसिरमा स्थापना भएको प्रेस चौतारी नेपालको नवौं राष्ट्रिय महाधिवेशनको उद्घाटन फागुन २७ गते नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुहुनेछ। देशभरका झण्डै १ हजार २ सय पत्रकारको सहभागीता रहने महाधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्ने महाधिवेशन मुल व्यवस्थापन समितिका संयोजक गणेश पाण्डेले जानकारी दिनुभयो।

## सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको आयोजनामा नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवस सम्पन्न भएको छ।




सो अवसरमा गण्डकी प्रदेश सरकारका आन्तरिक मामिला मन्त्री माननीय डोबाटे विश्वकर्माको प्रमुख आतिथ्यतामा कर शिक्षा एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। आन्तरिक राजश्व कार्यालयका कर अधिकृत मदन बहादुर केसी, कम्प्युटर अपरेटर दीपक पौडेलले कर सम्बन्धी प्रशिक्षण प्रदान गरेका थिए।

यसैगरी अन्तर्क्रिया कार्यक्रममा सुनको आपूर्ती, सुनको अभाव, सुनको कालोबजारी र सुनलाई प्रदेश महासंघबाट अझैपनि वितरण गर्न नसकिएका समस्या लगायतका विषयमा छलफल गरिएको थियो। कार्यक्रममा जिल्ला प्रमुख म्याग्दीका रामजीव विश्वकर्मा, महासंघका बाग्लुङका जिल्ला अध्यक्ष युवराज राजभण्डारी, पर्वत अध्यक्ष ठाकुर बि पौडेल, स्याङ्जा अध्यक्ष पूर्ण बहादुर विश्वकर्मा, तनहुँ अध्यक्ष विनोदकुमार विश्वकर्मा, लमजुङ अध्यक्ष देव बहादुर विश्वकर्मा, गोरखा अध्यक्ष टेक बहादुर विश्वकर्मा, नवलपुर अध्यक्ष गोविन्द सुनार लगायतले मन्तव्य सहित जिज्ञासा राख्नुभएको थियो। महासंघका सचिव केशबहादुर सुनारले महासंघको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमले प्रदेशमा विद्यमान समस्याको जानकारी लिई समस्या समाधान पहल गर्न सहयोग गर्ने प्रतिबद्धता गर्नुभएको थियो। यसैगरी उपाध्यक्ष निर्मल विश्वकर्माले सरकारले लाखौँ राजश्व तिर्ने व्यवसायीहरुको पक्षमा सहयोग नगरिरहेको बताउनुभयो।

कार्यक्रमका सभापति चन्द्रकिशोर गौतमले प्रदेशका सबै जिल्लाहरुको समान सहभागितामा समस्या पहिचान र समाधानका लागि आवश्यक पहलकदमी चालिने बताउँदै कोभिड-१९ को विषम परिस्थितिमा व्यवसायीहरुको पहरेदार बन्न पुगेको महासंघ आगामी दिनमा पनि साथ र सहयोगका लागि तत्पर रहिरहने बताउनुभयो। महासंघका गण्डकी प्रदेश सभापति चन्द्रकिशोर गौतमको सभापतित्वमा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशका ९ वटै जिल्लाका अध्यक्ष लगायत ५ जना प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

सो अवसरमा गण्डकी प्रदेशको आन्तरिक मामिला मन्त्री नियुक्त हुनुभएकोमा माननीय डोबाटे विश्वकर्मालाई सम्मान समेत गरिएको थियो। कार्यक्रममा महासंघका सदस्य सुदेश चन्द्र राजभण्डारी, राजेन्द्र विश्वकर्मा लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। महासंघका गण्डकी प्रदेश सचिव रविन विश्वकर्माले सञ्चालन गरेको कार्यक्रममा उपसभापति कृष्ण बहादुर विश्वकर्माले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशको आइटी पार्क निर्माण कार्य शुभारम्भ

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

गण्डकी प्रदेशको आइटी पार्क निर्माण कार्यको शुभारम्भ भएको छ। सोमबार कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले आइटी पार्क निर्माणको शुभारम्भ गर्नुभएको हो । करिब ९६ रोपनी जग्गामा निर्माण हुँदै गरेको आइटी पार्कको पर्खाल निर्माणको शिल्यान्यास गरिएको छ।



मन्त्री थापाले पर्खाल निर्माणको शिल्यान्यास सँगै आइटी पार्क निर्माणको कार्य अगाडि बढेको जानकारी गराउनुभयो । 'पर्खाल निर्माणको शिल्यान्याससँगै आइटी पार्क निर्माण कार्य शुभारम्भ भएको जानकारी गराउन पाउँदा खुशी लागेको छ', मन्त्री थापाले भन्नुभयो, 'सूचना प्रविधि पार्कको विस्तृत प्रतिवेदनको कार्य समेत अगाडि बढिरहेको र गण्डकी प्रदेश सरकार आइटी पार्क निर्माण कार्यलाई पूर्णता दिन प्रतिबद्ध छ ।' पोखरा महानगरपालिकाबाट ९६ रोपनी जग्गा गण्डकी सरकारको मातहतमा आएसँगै तत्कालिन आन्तरिक मामिला तथा कानून मन्त्रालयले आइटी पार्क निर्माणको तयारी थालेको थियो । जसको निर्माण कार्यको शुभारम्भ कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयले गरेको छ। मन्त्री थापाले पार्क निर्माणका लागि प्रदेश सरकारले अब ढिलाई नगर्ने बताउनुभयो । उहाँले सूचनाप्रविधि पार्कको सहज पहुँच प्रत्येक प्रदेशवासीलाई पुऱ्याउने उद्देश्य स्वरुप प्रदेश सरकार अगाडि बढीरहेको उल्लेख गर्नुभयो ।

पार्क निर्माण कार्यमा स्थानीयको सहयोग सबैभन्दा महत्वपूर्ण भएको भनाई उहाँको छ । 'स्थानीयको सहयोग बिना आइटी पार्क निर्माण कार्यलाई गतिशिलता दिन हामी असमर्थ छौं', मन्त्री थापाले भन्नुभयो, 'आशा छ सबैको सहयोग मिल्नेछ।' पोखरा महानगरपालिकालाई स्मार्ट महानगरपालिका बनाउनका लागि पनि आइटी पार्कको भूमिका महत्वपूर्ण हुने विश्वास मन्त्री थापाको छ । आइटीसँग सम्बन्धित नयाँनयाँ प्रविधिको उत्पादन गर्ने, प्रदेश सरकारले आफ्नो तथ्यांक भण्डारण एवं सुरक्षित गर्नेसँगै प्रदेशअन्तर्गत आइटीसँग सम्बन्धित सबै संस्थाहरुको कार्यालय राख्ने गरी पार्क निर्माणको सोच बनाएको मन्त्रालयका सचिव धर्मराज कुईकेलले जानकारी गराउनुभयो। उहाँले गण्डकी सरकारले बनाउन लागेको आइटी पार्क केवल मनोरञ्जनका लागि मात्र नभई अध्ययन अनुसन्धान लागि महत्वपूर्ण हुने बताउनुभयो । पोखरामा डाटा सेन्टर, आइटीसँग सम्बन्धित नवप्रवर्तन (इन्नोभेसन) र नयाँनयाँ प्रविधि पत्ता लगाउने (इन्भेन्सन) का काम पार्कबाट हुने भनाई उहाँको छ। कार्यक्रममा बोल्दै स्थानीय राजु प्रसाद तिमिल्सिनाले पार्क बन्दै गर्दा स्थानीय नारायण अधिकारी विस्थापित हुने अवस्था रहेको र प्रदेश सरकारले उहाँको व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

नेपाली काँग्रेस पोखरा १८ का इकाई सभापति शिव तिमिल्सिनाले गण्डकी सरकारले बनाउँदै गरेको सूचना प्रविधि पार्क निर्माणको कार्य आफैमा स्वागतयोग्य रहेको र यसले पोखरा १८ का स्थानीयहरुलाई रोजगारीको सिर्जना समेत गर्ने हुँदा समयमा नै निर्माण कार्य सम्पन्न गर्ने गरी लाग्न गण्डकी सरकारलाई अनुरोध गर्नुभएको छ।

स्थानीय भरत बहादुर थापाले तत्कालिन रत्न प्राविको १ सय ३५ रोपनी जग्गामध्ये ९६ रोपनीको एउटै प्लटमा सरकारले पार्क बनाउने भएको जानकारी गराउनुभयो । उहाँले आइटी पार्क निर्माणको कार्य कछुवाको गतिमा हुँदा समस्या खेप्नुपरेको गुनासो पोख्नुभयो । प्रदेश सरकारले पर्खाल निर्माण गरी जग्गाको सुरक्षा गर्ने र समयमा नै आइटी पार्क निर्माणको कार्यलाई सक्नुपर्ने भनाई उहाँको छ।

स्थानीय सुर्य बहादुर खडकाले अनावश्यक राजनीतिक क्रियाकलापका कारण विकासमा बाधा सिर्जना भएको उल्लेख गर्नुभयो । उहाँले विकासको एजेन्डामा सबै एक भएर लाग्नुपर्ने धारणा प्रस्तुत गर्नुभयो। आइटी पार्कको पर्खाल निर्माणको जिम्मेबारी पाउनुभएका निर्माण व्यवसायी विष्णु ढुङ्गानाले स्थानीय नागरिक, जनप्रतिनिधि र प्रदेश सरकारले काम गर्ने सहज वातावरण बनाएको खण्डमा काम समयमा नै सक्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा रेडियो जननीले अन्तरक्रिया कार्यक्रम गर्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा रेडियो जननी ९०.६ ले मंगलबार अर्न्तक्रिया कार्यक्रम गर्ने भएको छ।

यस वर्ष "सामाजिक न्याय र लैङ्गक समानताः दिगो विकासको सुनिश्चितता" भन्ने राष्ट्रिय नाराका साथ मार्च ८ (फागुन २४) गते मंगलबार देशभर ११२ औं अन्तर ौष्ट्रिय श्रमिक महिला दिवस मनाइँदै छ। सोही अवसरमा रेडियो जननीले उद्यमी महिलालाई मध्यनजर गर्दै "व्यवसायमा महिला, अवसर र चुतौती" विषयक अर्न्तक्रियाको कार्यक्रम गर्ने भएको हो । सन् २०१९ को सुरुवातदेखि विश्वभर फैलिएको कोभिड-१९ (कोरोना भाइरस)ले प्रत्यक्ष रुपमै विश्वभर सबैलाई असर पारेको छ । यसले नेपालको सामाजिक, आर्थिक, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रहरुमा प्रत्यक्ष रुपमा असर पुऱ्याएको छ भने त्यसमा पनि सो महामारीले सबैभन्दा बढी असर महिला तथा बालबालिकाहरुमा परेको छ।

यसै अवस्थालाई मध्यनजर गर्दै सो अवसरमा विभिन्न पेशा, व्यवसाय/उद्यम क्षेत्रका रहेका महिलाहरुले भोगिरहेका समस्या तथा चुनौतीमाथि बहस तथा अबको बाटोको विषयमा केन्द्रित रहेर अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न लागिएको रेडियो जननीका संस्थापक अध्यक्ष हिरा भट्टराई जानकारी दिनुभयो। उद्यमशिलतालाई प्रबर्द्धन गर्नका लागि सरकारले ल्याएका रणनीतिक कार्यक्रमहरुबारे आम महिलाहरु अझै अनविज्ञ रहेकाले कार्यक्रममा सरकारका योजनाहरु, व्यवसायी महिलाहरुको आवाज, समस्या, अहिलेको अवस्थाका बारेमा छलफल गरिने उहाँले जानकारी दिनुभयो । विभिन्न अप्ठ्यारा परिस्थितहरुले गर्दा महिलाहरुमा कौशलता, सोच र सृजनात्मक योजनाहरु हुँदा हुँदै पनि अघि बढ्न नसक्ने गरेको भन्दै यस्ता समस्याहरु र चुनौतीहरुलाई न्युनीकरण गर्न समाधानका बाटोहरु र महिला व्यवसायीहरुका लागि रहेका अवसरहरुका विषयमा केन्द्रित रहेर अर्न्तक्रिया कार्यक्रम गर्न लागेको रेडियो जननीका अध्यक्ष सविता शेरचनले जानकारी दिनुभयो । होटल माउट कैलाश, लेकसाइड पोखरामा हुने कार्यक्रमको उद्देश्य महिला व्यवसायीहरुको समस्या र चुनौतीमाथि छलफल गर्न, व्यवसाय थालनी गर्दा र त्यसलाई सार्थकता दिन के कस्ता योजनाहरु अपनाउनु पर्छ भन्ने जानकारी गराउन, महिलाहरुका लागि नेपाल सरकारले उपलब्ध गराएका विभिन्न सुविधाहरुबारे अवगत गराउन, महिला सशक्तिकरणको निम्ति महिला उद्यमीहरुको आवाजलाई बुलन्द गराउने, महिलाहरुको उद्यमशीलता, स्वतन्त्रता र समानतालाई प्रबर्द्धन गर्नेलगायत रहेको पनि शेरचनले बताउनुभयो । कोराना कहरका कारण विगतका वर्षहरु जस्तै पोखरा महानगरपालिका ३३ वटै वडाहरुका महिला/आमा समुहहरुलाई समेट्न नसकिए पनि कार्यक्रमममा विभिन्न क्षेत्रका व्यक्तिहरु र महिला समुहहरुलाई समेत सहभागि गराई महिला व्यवसायीहरुका समस्या र चुनौतीबोर नेतृत्व तहमा रहनुभएका व्यक्तिहरु र महिलाहरुबीच छलफल गरि समस्याको हल खोज्ने प्रयास गरिने रेडियोका अनुगमन समिति संयोजक सिता पाण्डेले जानकारी दिनुभयो । मार्च ८ कै दिन रेडियो जननी ९०.६ मेघाहर्जको आठौं वार्षिकोत्सव पनि परेको हुँदा रेडियोले यस वर्ष विगतका वर्षहरुमा भन्दा केही फरक तर पृथक कार्यक्रमको आयोजना गरि आफ्नो वार्षिकोत्सवसमेत मनाउन गईरहेको कार्यक्रम संयोजक दुर्गा राना मगरले जानकारी दिनुभयो । 'आर्थिक सम्बृद्धिका लागि उद्यमशिलता आजको आवश्यकता' भन्ने नारालाई आत्मसाथ गर्दै पोखराका सक्रिय उद्यमी महिलाहरुद्वारा स्थापना गरिएको महिलामैत्री रेडियो, रेडियो जननीले सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा महिला सहभागिताको प्रश्नसंगै न्यायिक र समातामुलक समाज निर्माणका लागि महिला पुरुष दुवैको समान भुमिका, जिम्मेवारी र दायित्वलाई ध्यान दिएर त्यसतर्फ अग्रसर हुँदै आएको छ।

# नेपाली कांग्रेस वैदाम ६ को प्रजातान्त्रिक सम्बाद यात्रा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**

नेपाली काग्रेस पोखरा महानगर पालिका वडा समिति ६ बैदामले "प्रजातान्त्रिक सम्बाद यात्रा" कार्यक्रम आइतबार सम्पन्न गरेको छ।

नेपाली काग्रेसमा लागेर नेपालमा प्रजातन्त्र ल्याउन गरेका त्याग, तपश्या र योगदान बारेमा सर्वसाधरण लाई जानकारी दिने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको हो ।




बैदाम क्षेत्रमा रहेरप्रजातन्त्रको बारेमा "प्रजातान्त्रिक सम्बाद यात्रा" मार्फत प्रजातन्त्रका सेनानीहरुले इतिहासमा भोगेका घटना क्रमहरुलाई नयाँ पुस्ताहरुमा शिक्षा मिलोस भन्ने उद्देश्यका साथ नेपाली काग्रेसको बारे बुझौ, लेखौं र पढायौ भन्ने भावनाले कार्यक्रमको सुभारभ्भ गरिएको इकाई सभापति सन्तोष पौडेलले बताए। सम्बाद यात्राको पहिलो संस्करणमा ८८ बर्षिय होमबहादुर लामिछानेको बारेमा इतिहास बुझ्ने र बुझाने पात्रको रुपमा रहेका सचिब प्रकाश न्यौपाने बताए।

प्रजातान्त्रिक सम्बाद यात्राको रुपमा प्रजातन्त्र सेनानी होमबहादुर लामिछाने नेपाली काग्रेसममा लागेर आफुले ब्यक्तिगत हित लाई पछि राख्दै सधै देश र जनाताका लागि खटिने एक अविचलित योद्दाको रुपमा रहेको बताए । २००६ साल बाट नेपाली काग्रेसमा प्रवेश गरि नेपाली काङ्ग्रेस प्रति आम कार्यकर्ताको पुनर्जागरण गराउन महत्त्वपूर्ण भुमिका खेल्दै आएको सुनाए । तिन पटक वडा अध्यक्ष भएको र वडाको विकासको लागि आफुले महत्वपूर्ण भुमिका रहेको जानकारी दिए। जनप्रतिनिधिका हैसियतले जनताका घरघरमा पुगेर जनसम्बन्ध राखेर अनुकरणीय काम गर्ने गरेको र कुशलतापूर्वक नेतृत्व गरेर वडालाई पुनर्जीवन दिएको स्मरणसमेत गरे। आगामी दिनमा साथीहरुको बिचमा रहेर देश र जनताको सेवा गर्ने गरि सक्रिय रहने धारणा उहाँको रहेको छ।

पोखरा महानगर पालिका वडा न ६ का वडा अध्यक्ष जगत बहादुर पहारीले जीवन भरी निस्ठा,मूल्य मान्यता र इमान्दारिताको राजनिती गर्दै आउनुभएको लामिछाने ले आफ्नो सम्पुर्ण उर्जाशिल समय नेपाली काङ्ग्रेसकै हितमा समर्पित गर्नुभएको बताए । सल्लाहकार निलकण्ठ शर्माले 'लामिछाने मूल्यमान्यता र आदर्शको राजनीतिमा अडिग र प्रतिकूल अवस्थामा नझुक्ने नेताको रुपमा हुनुहुन्छ', उनले भने। नेपाली कांग्रेस मात्र नभएर देशलाई नै नेतृत्व गर्ने क्षमता लामिछानेमा रहेको उनको भनाइ थियो।

नेपाली काग्रेस सुवर्ण सम्सेर टोलका सभापति विकास लामिछानेको सभाअध्यक्षतामा भएकोमा कार्यक्रम संयोजक मुना कोइराला पहारी ,पूर्व सभापतिहरु लक्ष्मी बहादुर भट्टराई, नेत्रपाणी न्यौपाने, दिपकबिर कुवँर, प्रदेश प्रतिनिधि पबित्रा थापा सदस्य बुद्धिनाथ अधिकारी सन्देश दाहाल लगाएतकाले होमबहादुर लामिछानेले नेपाली काग्रेस प्रति गरेको योगदानको बारेमा आफ् ना भनाई राखेको थिए।

# माछापुच्छ्रे...

उल्लेख गर्दै उपमहासचिव गुरुङले नेकपा एमालेको पहिलो सरकारले सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको स्मरण गर्नुभयो। पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य जगत विश्वकर्माले निजी क्षेत्रको पहलमा आवासीय वृद्धाश्रम निर्माण गरेर राज्यको दायित्व पूरा गर्न सफल भएको बताउँदै यसको निर्माणसँगै सञ्चालमा सबै क्षेत्रको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो।

माछापुच्छ्रे गाउँपालिकाकालाई समेटेर निर्माण गरिने चक्रपथको डिपीआर गरेर टेण्डर प्रक्रियामा अघि बढेको बताउँदै उहाँले भेडावारीमा खेलकुदको राष्ट्रिय गौरवको आयोजना एन्फा टेक्निकल सेन्टरको टेण्डर आह्वान भई सकेको जानकारी दिनुभयो । गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले पालिका विकास निर्माणसँगै सामाजिक सेवामा समर्पित हुँदै आएको उल्लेख गर्नुभयो । वृद्धाश्रम सञ्चालनमा आएसँगै यस क्षेत्रका मात्र नभई मुलुककै वृद्धावृद्धले सुविधा पाउने विश्वास व्यक्त गर्नुभयो । वृद्धाश्रम निर्माणका लागि गाउँपालिकाका अध्यक्ष गुरुङसहित उहाँका दाजुहरू दुर्गबहादुर गुरुङ, वरबहादुर गुरुङ, खेमप्रसाद गुरुङ र सुकमाया गुरुङको परिवारले रु दुई करोड मूल्य बराबरको चार रोपनी जग्गा निःशुल्क प्रदान गर्नुभएको थियो।

वृद्धाश्रममा वृद्धालाई सःशुल्क आवासीय व्यवस्था गरिने आमा स्मृति प्रतिष्ठान माछापुच्छ्रेका अध्यक्ष हरिशचन्द्र लम्सालले जानकारी दिनुभयो । सो अवसरमा आयोजित छौटौं वार्षिक साधारणसभामा उपाध्यक्ष वसन्द दवाडी र सचिव गुणाखर दवाडीले साङ्गाठनिक र आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# महिला दिवसको शुभकामना

'दिगो भोलिको लागि लैङ्गिक समानता' भन्ने नाराका साथ ११२औं अन्तर्राष्ट्रिय महिला दिवस नेपालका महिलाले एकैसाथ मनाउँदै छन् । श्रमिक महिलाहरुले समान कामको समान ज्यालाको माग गर्दै आन्दोलन सुरु भएको हो । समान ज्याला सहित, शिक्षा, स्वास्थ्य र राजनैतिक अधिकारको माग गर्दै ८ मार्च १९०७ मा प्रथम समाजवादी महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलन भएको दिनलाई महिलाहरुले विशेष पर्वको रुपमा मनाउँने गर्दछन् । ८ मार्चलाई विश्वभर प्रत्येक वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउने गरिएको छ । सो सम्मेलनको नेतृत्व समाजवादी महिला नेतृ क्लारा जेटकिनले गरेकी थिइन् । सन् १९११ मा अमेरिका १९१७ मा विघठित सोभियत संघ (रुस) र १९२८ मा अष्ट्रेलियामा विश्व महिला सम्मेलनहरु भए जसमा संसारभरका महिलाहरुले हक, अधिकार र लिंगभेद विरुद्ध आवाज उठाएका थिए । विश्वमा भएका महिला सम्मेलनबाट निस्किएको उपलब्धिका रुपमा संयुक्त राष्ट्रसंघले सन् १९७५ मार्च ८ लाई अन्तर्राष्ट्रिय महिला दिवस भनि घोषणा समेत गर्यो । नेपालले पनि त्यसै बर्षदेखि अन्तर्राष्ट्रिय नारी (महिला) वर्षको रुपमा रयाली सभा गोष्ठी जस्ता औपचारिक कार्यक्रमहरु गर्दै आएको छ ।

अधिकार प्राप्तिको आन्दोलनबाट सुरु भएको अन्तराष्ट्रिय श्रमिक महिला दिवस अहिले समानता र आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासका लागि आवाज उठाउने गरिन्छ । वर्गिय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लौंगिक एवं सबै प्रकारका शोषण, उत्पीडन र विभेदको अन्त्य गर्न आवाज उठाउने दिन हो । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिस्चत गर्न समानुपातिक, समावेशी र सहभागीतनको सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्न संकल्प गर्ने दिन पनि हो । महिला दिवसमा हुने कार्यक्रमहरु महिलाका मात्र हुन् भन्ने सोचबाट पुरुषहरु मुक्त हुनुपर्ने दिन पनि हो । महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्धको अभिसन्धीमा नेपाल लगायत १८९ सन्धिका पक्ष राष्ट्र भएका छन् । नेपालले अनुमोदन गरेको २५ वर्ष भन्दा बढी भइसक्यो तर महिलामाथि हुने हिंसा भने कम भएको छैन । महिला हिंसा अन्त्य गर्न भएका कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा अहिलेपनि न्यायको लागी आवाज उठाउन बाध्य हुनु परेको छ ।

संविधानले महिलाको अधिकारलाई सुनिश्चित गरेको छ । संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । प्रत्येक महिलालाई भेदभाव विना वंशीय हक हुने छ भन्ने महिला अधिकारका लागि लड्दै आएका दलहरुको कारणले सम्भव भएको हो । दलहरुले मौका पाउँदा महिलालाई प्राथमिकतामा नराखेका धेरै उदहरणहरु छन् । 'सुरक्षित प्रजनन सम्बन्धी हक, शारिरीक, मानिसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य वा शोषण गरिने छैन ।' महिलाका लागि समानताको बाटोमा हिड्न प्ररेति गर्ने काम संविधानले गरेको छ । 'शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा सकारातमक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने हक र सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक' भन्ने व्यवस्थाले महिलाको पक्षमा संविधानले दिएको अधिकार अब कानुनी रुपमा र व्यवाहारिक रुपमा ल्याउनु पर्दछ ।

राष्ट्रियसभा, प्रतिनिधीसभा सहितको संघीय संसदमा एक तिहाई महिला पुगेका छन् । प्रदेशसभामा पनि एक तिहाई महिलाको प्रतिनिधित्व छ । स्थानीय तहमा ४० प्रतिशत महिलाको सहभागिता छ । आधारभूत तहदेखि संघीय संसदमा महिलाको एक तिहाई प्रतिनिधित्व हुनु अन्य देशका लागि पनि उदाहरण हो । दलहरुले कार्यकारी पदमा महिलालाई पुरयाउन अनिच्छा देखाउने, पार्टीका सवै तहमा महिलाको प्रतिनिधित्व हुन नसक्नुले भनाई र गराईमा तालमेल मिल्न सकेको छैन् । संविधानले महिला अधिकार र विभेद अन्त्यको व्यवस्था गरे पनि व्यवहारमा महिला विरुद्ध हुने विभिन्न खाले हिंसाका घटनामा कमी आउन सकेको छैन । महिला बिरुद्धका हिंसाका घटनामा राज्यले संवेदनशील बन्न नसकेका घटना सार्वजनिक भएका छन् । संविधानमा भएका व्यवस्था कार्यान्वयनको लागी सबै क्षेत्रबाट सशक्त आवाज उठाउनु आवश्यक छ । कोरोना भाइरस (कोभिड-१९) ले सबैलाई अतंकित बनाएको छ । कोरोनाले गर्दा महिला माथि हुने हिंसा र विभेदका निर्णय लाद्ने काम भएका छन। छैन् ।सुखी नेपाली र समृद्ध नेपालको संकल्प पुरा गर्न महिला माथिको विभेद अन्त्य हुनुपर्छ । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विश्वभरीका महिलाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : मन चञ्चल |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : झमेला बड्ने | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : मानसिक तनाब | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ओमथान खोलामा ट्रस पुल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ फागुन**

म्याग्दीको धौलागिरी गाउँपालिका-१ गुर्जास्थित ओमथान खोलामा स्टिल ट्रस पुल निर्माण भएको छ ।

लुलाङ हुँदै गुर्जा जोड्ने पदमार्गमा पर्ने ओमथान खोलामा निर्माण भएको पुलको आइतबार वडाध्यक्ष झकबहादुर छन्त्यालले शुभारम्भ गर्नुभयो । पुलले गुर्जा आउजाउ सहज र सुरक्षित बनाउन सघाएको वडाध्यक्ष छन्त्यालले बताउनुभयो । यसअघि सो ठाउँमा रहेको अस्थायी प्रकृतिको झोलुङ्गे पुल थियो । बर्खायाममा खोलामा बाढी आउँदा वारपार गर्न समस्या हुने गरेको थियो ।

गाउँपालिकाका इञ्जिनियर सोबिन जिसीका अनुसार २८ मिटर लामो पुल निर्माणका लागि उपभोक्ता समितिसँग रु ३० लाख ९३ हजार ३५२ मा सम्झौता भएको थियो । पुलबाट २५८ घरधुरी लाभान्वित भएका छन् । टिभिएसयुद्वारा सञ्चालित स्वाप परियोजना, गाउँपालिका र समुदायको साझेदारीमा पुल निर्माण भएको हो । धौलागिरि गाउँपालिकामा गत वर्ष सुरु भएका चार वटा स्टिल ट्रस र तीन वटा झोलुङ्गे पुलमध्ये पाँच वटा सम्पन्न भएका इन्जिनियर जिसीले बताउनुभयो । वडा नम्बर ६ मराङको अस्कारे खोलामा रु ३० लाख ५० हजारको लागतमा ३५ मिटर लामो ट्रस प्रविधिको पुल निर्माण भएको थियो । वडा नम्बर ४ नाउराको कोपिलाघाटमा रु ४० लाख ९४ हजार ४०५ को लातमा ६७ मिटर लामो झोलुङ्गे र वडा नम्बर २ को आवासखोलामा रु ३२ लाख ४१ हजार ८४९ को लागतमा ३२ मिटर लामो ट्रस पुल निर्माण भइसकेको गाउँपालिकाका प्राविधिक दिलीप थापाले बताउनुभयो । गुर्जाको धुनधुनाखोलामापनि २८मिटरलामो स्टिल ट्रस पुल निर्माण सकिएको छ। मुनाकोपुल्टिसखोला र मल्कवाङको खोलाखर्कको झोलुङ्गे पुल अन्तिम चरणमा छन् । पुल निर्माणका क्रममा सामाजिक तथा प्राविधिक सहजीकरण गैरसरकारी संस्था मिलन म्याग्दीले गरेको थियो ।

# धार्मिक 'सर्किट' बनाइन्छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेलले धार्मिक 'सर्किट' बनाउन लागिएको बताउनुभएको छ ।

म्याग्दीको बेनी नगरपालिका-१ मा आजदेखि सुरु भएको 'रत्नेचौर धार्मिक महोत्सव' को उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री पोखरेलले धार्मिक पर्यटनको विकासका लागि मुक्तिनाथ, लुम्बिनी, जनकपुरधाम र विन्धवासिनीलाई समेटेर धार्मिक सर्किट बनाउन लागिएको बताउनुभयो । "धार्मिक पर्यटक भित्र्याउनका लागि गण्डकी, लुम्बिनी र मधेश प्रदेशको सर्किट बनाउन लागिएको हो", उहाँले भन्नुभयो, "धार्मिकस्थललाई हवाई र सडक मार्गबाट जोड्न प्राथमिकता दिएका छौं ।"

शनिबारदेखि पोखरा-जनकपुरधाम हवाई उडान सुरु गरिएको बताउँदै मुख्यमन्त्री पोखरेलले निर्माणाधीन कालिगण्डकी कोरिडोर सडकलाई पूर्णता दिने र कोरला नाका खुलाएर चिनका वौद्धधर्मावलम्बीलाई लुम्बिनी तथा भारतका हिन्दू धर्मावलम्बीलाई मुक्तिनाथ भित्र्याउने योजनाअघि सारिएको बताउनुभयो । मुख्यमन्त्री पोखरेलले गण्डकीका पर्यटकीय र धार्मिकस्थललाई पनि एकअर्कासँग जोडेर विकास गर्न थालिएको बताउनुभयो । हिमाल र मधेसको समृद्धिमा एकअर्काको सम्बन्ध रहेको बताउँदै पोखरेलले कालीगण्डकी सभ्यता गण्डकीको समृद्धिको आधार भएको बताउनुभयो । लक्ष्मीहरि मन्दिरको २५औं रजतजयन्ती तथा संस्थापकचार्य जगतगुरु अनन्त विभूषित श्रीपराङ्कुशाचार्य यतिराज जीयर स्वामीको नक्षत्र शताब्दीको अवसरमा फागुन ३० गतेसम्म धार्मिक महोत्सव आयोजना गरिएको मूल आयोजक समितिका अध्यक्ष नेत्रबहादुर महतले बताउनुभयो । लक्ष्मीहरि मन्दिरका संस्थापक जीयर स्वामीले रत्नेचौर मुक्तिक्षेत्रको प्रवेशद्धार भएकाले यसको धार्मिक र पर्यटकीय दुवै किसिमको महत्व भएको बताउनुभयो । रत्नेचौर क्षेत्रमा रहेको धार्मिक महत्वलाई उजागर तथा प्रचारप्रसार र लक्ष्मीहरि मन्दिरको चौतर्फी विकासका लागि महोत्सवले सहयोग पुग्ने अपेक्षा गरिएको वडाध्यक्ष एवं मुल आयोजक समितिका बरिष्ठ उपाध्यक्ष टेकबहादुर रावलले बताउनुभयो ।

"तोरीबारीका कारण भाइरल बनेको रत्नेचौरमा धार्मिक पर्यटनको सम्भावना छ", उहाँले भन्नुभयो, "महोत्सवले यहाँका धार्मिक महत्वको गरिमा बढाउन सहयोग पुग्ने हामीले विश्वास गरेका छौं ।" भौगोलिक रूपमा रमणीय र मुक्तिनाथ प्रवेशद्धार रत्नेचौरको धार्मिक महिमालाई उजागर गर्न महोत्सव सहयोगी हुने जगतगुरु रामानुजाचार्य यतिराज स्वामी हिमालय बाबाजीले बताउनुभयो । हिमालय बाबाजीको तत्वावधानमा महोत्सव सञ्चालन भएको हो । मन्दिर स्थापना भएको २५ वर्ष र मन्दिरका संस्थापकाचार्य १०० वर्ष पूरा भएको अवसरमा आयोजित महायज्ञमा सङ्कलन हुने रकमलाई यस क्षेत्रको धार्मिक पर्यटन पूर्वाधार निर्माणमा परिचालन गरिने मूल आयोजक समितिका उपाध्यक्ष चीरञ्जीवी बोगटीले जानकारी दिनुभयो ।

# चितुवाको बच्चा मृतावस्थामा भेटियो

**पोखरापत्र संवाददाता**
**वालिङ, २३ फागुन**

स्याङ्जाको वालिङमा सोमबार चितुवाको बच्चा मृतावस्थामा भेटिएको छ । स्याङ्जाको वालिङ नगरपालिका-१३ लेटास्थित गोरेटो बाटोमा साँझ ५ बजे मृतावस्थामा चितुवा भेटिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीले बताउनुभयो ।

अन्दाजी पाँच महिनाको जस्तो देखिने चितुवाको ढाडमा चोट लागेको छ । मरेको चितुवा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । वडा प्रहरी कार्यालय वालिङबाट गएको प्रहरी टोलीले मृत चितुवालाई सबडिभिजन वन कार्यालय वालिङमा बुझाएको प्रवक्ता अधिकारीले जानकारी दिनुभयो । मृत चितुवाको लम्बाइ ३२ इञ्च, उचाइ १३ इञ्च र गोलाइ ११ इञ्च रहेको जनाइएको छ ।

# मनखुशी फाउण्डेशनको तीन दिने क्षमता अभिवृद्धि तथा नेतृत्व विकास तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ फागुन**



मनखुशी फाउण्डेशन नेपाल, गण्डकी प्रदेशको आयोजनामा तीन दिने क्षमता अभिवृद्धि तथा नेतृत्व विकास तालिम सम्पन्न भएको छ ।

शुक्रबारदेखि सुरु भएको तालिमको आइतबार समापन गर्दै पोखरा महानगरपालिका वडा नं. १३ की वडा सदस्य कृष्णकुमारी गुरुङले तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो । गोर्खाली रेडियो १०६ मेगाहर्जको सहयोग तथा पोखरा महानगरपालिका वडा नं. १३, टावरमार्ग टोल विकास संस्थाको व्यवस्थापनमा भएको तालिममा ३२ जना प्रशिक्षार्थी सहभागी थिए । तीन दिनसम्म चलेको तालिममा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकी प्रदेशकी उपाध्यक्ष खिमा गुरुङले सहजीकरण गर्नुभएको थियो । मनखुशी फाउण्डेशन, गण्डकी प्रदेशकी संयोजक काशी गुरुङको अध्यक्षतामा भएको समापन कार्यक्रमको सञ्चालन दीपक अधिकारीले गर्नुभएको थियो भने नन्दमाया सुवेदी पौडेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । यसअघि, तालिमको उद्घाटन पोखरा-१३ का वडाध्यक्ष लेखबहादुर तामाङ (दर्शन लामा)ले गर्नुभएको थियो ।

# खोला थुनेर कृत्रिम ताल बनाइँदै

**पोखरापत्र संवाददाता**
**दमौली, २३ फागुन**

तनहुँको घिरिङ गाउँपालिका-३ मा खोला थुनेर ताल निर्माण सुरु गरिएको छ । उक्त ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित गाउँपालिकाले खोला थुनेर कृत्रिम ताल निर्माण सुरु गरेको हो । कृत्रिम ताल निर्माणका लागि गाउँपालिकाले गत वर्ष नै डिपिआर तयार गरेको थियो ।

टेण्डर प्रक्रियामार्फत गोफाखोला थुनेर ताल बनाउने काम सुरु गरिएको गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले जानकारी दिनुभयो । डिपिआरअनुसार ताल निर्माणका लागि करिब रु १३ करोड बजेट अनुमान गरिएको छ । पर्याप्त बजेट नभएकाले वर्षेनी बजेट विनियोजन गरेर ताल निर्माण गरिने बताइएको छ । ताल निर्माणका लागि हालसम्म रु तीन करोड ३३ लाख बजेट विनियोजन गरिएको छ । आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेश सरकारबाट रु एक करोड, चालू आर्थिक वर्षमा रु ८० लाख, आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाबाट रु एक करोड र चालू आर्थिक वर्षमा गाउँपालिकाबाट रु ५३ लाख बजेट विनियोजन गरिएको छ । चालू आवमा रु ९९ लाख ८१ हजार २५६ को काम हुनेछ । विसं २०७९ असार १५ गतेभित्र काम सम्पन्न गर्नेगरी सम्झौता गरिएको गाउँपालिकाका सल्लाहकार सुमनकुमार श्रेष्ठले जानकारी दिनुभयो । "बजेट अभावका कारण चार/पाँच वर्षभित्र ताल निर्माणको काम सम्पन्न हुने अनुमान गरिएको छ, पर्याप्त बजेट नभएकाले वर्षेनी बजेट राखेर काम अगाडि बढाउँछौं", श्रेष्ठले भन्नुभयो । उनासी रोपनी क्षेत्रफलमा ताल निर्माण गर्ने योजना छ । ताल वरपर पूर्वाधार निर्माणका लागि गाउँपालिकाले गत आवमा रु ३० लाख बजेट विनियोजन गरेको थियो ।

उक्त बजेटले ताल निर्माण हुने गोफा खोलाको चारैतर्फबाट मोटरबाटो पुऱ्याइएको छ । "यहाँका बासिन्दा बसाइँसराइ सरेर अन्यत्रै गएका छन्, गाउँबस्ती रित्तो हुनेक्रम बढ्दो छ, ताल निर्माणपछि गाउँ छाडेका मानिस फिर्ता हुने विश्वास गरेका छौं", गाउँपालिकाका अध्यक्ष रानाले भन्नुभयो । गाउँपालिकाले खोला वरपरको ४५ रोपनी जग्गा अधिग्रहण गर्नेछ । गाउँपालिका अध्यक्ष रानाका अनुसार उक्त जग्गाको रोपनीको रु एक लाखका दरले मुआब्जा दिने सहमति भएको छ । "मुआब्जा दिएपछि जग्गा गाउँपालिकाको हुने र तालबाट हुने आम्दानी गाउँपालिकाले प्रयोग गर्नेछ", उहाँले भन्नुभयो ।

घुमाउने ताल नामकरण गरिएको तालका बीचमा मन्दिर बनाउने योजना बनाइएको छ । "डुङ्गा चढेर तालका बीचमा रहने मन्दिरमा सर्वसाधारणले दर्शन गर्न सक्नेछन्, उक्त काललाई पोखराको फेवाताल जस्तै गरि विकास गरिनेछ", अध्यक्ष रानाले भन्नुभयो । उहाँका अनुसार ताल वरपरका क्षेत्रमा रेष्टुरेन्ट, वनभोजस्थल लगायतका पूर्वाधार निर्माण गरिने छन् । गाउँपालिकामा प्राकृतिक पुल, तालैताल, चौबिसे राज्यअन्तर्गतको घिरिङकोट दरबारलगायत पर्यटकीयस्थल छन् । घिरिङकोट दरबारमा दृश्यावलोकन स्तम्भ निर्माण गर्ने योजना गाउँपालिकाले अगाडि सारेको छ। घिरिङकोट दरबारबाट तनहुँका साथै स्याङ्जा, कास्की, पाल्पा, गोरखा, लमजुङका केही भूभाग अवलोकन गर्न सकिन्छ ।

# दक्षजनशक्तिसहित बारुणयन्त्र तयारीको माग

**पोखरापत्र संवाददाता**
**दमौली, २३ फागुन**

तनहुँको व्यास नगरपालिका-४ स्थित भूपाल हार्डवेयरमा आइतबार लागेको आगो निभाउन चार घण्टा लाग्यो । भूपाल हार्डवेयरको गोदामबाट सुरु भएको आगलागीले ज्योति जनरल सप्लायर्स हुँदै नजिक रहेका घरमासमेत क्षति पुग्यो ।

आगलागीको केही समयमा व्यास नगरपालिकाको बारुणयन्त्र घटनास्थल पुग्यो । छिर्न नमिल्ने साँघुरो गल्ली, मानिसको भीडभाडले गर्दा बारुणयन्त्र प्रयोगमा केही समय बाधासमेत पुग्यो । आइतबारको घटनाले ठूलो पाठ सिकाएको भन्दै आगामी दिनमा यस्ता घटनामा थप क्षति हुन नदिन दक्ष जनशक्तिसहित आधुनिक प्रविधिको बारुणयन्त्र तयारी गर्नुपर्ने स्थानीयबासीको माग छ । तनहुँ उद्योग वाणिज्य सङ्घका कोषाध्यक्ष दिनेशकुमार श्रेष्ठ भन्नुहुन्छ, "न दक्ष जनशक्ति छ नत बारुणयन्त्र नै, पोखराबाट दुई वटा बारुणयन्त्र नआएको भए ठूलो क्षति हुने रहेछ," उहाँले भन्नुभयो । स्थानीवासी रजाक मियाँले जिल्लामा पर्याप्त बारुणयन्त्र नभएर अन्यत्रबाट मगाउनुपर्ने अवस्था विडम्बनापूर्ण रहेको बताउनुभयो । "सदरमुकाममै यस्तो अवस्था भएपछि भोलि फेरि आगलागीका घटना हुँदा ठूलो क्षति हुनसक्छ, बेलैमा तयारी गर्नुपर्छ," उहाँले भन्नुभयो । भूपाल हार्डवेयरको टहरा भत्काएर पोखरा, चितवन लगायतबाट मगाइएको बारुणयन्त्र र काठमाडौंबाट ल्याइएको हेलिकप्टरलेबाट पानी खसालिएको थियो । अधिकांश स्थानीय तहमा बारुणयन्त्र छैन । बन्दीपुरमा भारत सरकारले बारुणयन्त्र दिएपनि प्रयोगमा नआइकन बिग्रिएको छ ।


**शिवटोल टोलविकास संस्था**
पोखरा-९, कास्की, गण्डकी

**सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/११/२४ गते

पोखरा महानगरपालिका अर्न्तगतको गार्डेनगर साँझेदारी विकास कार्यक्रममा २०६३ सालमा दर्ता भई दर्ता नं. १६३ को यस शिवटोल टोलविकास संस्थाको लागि तपसिलमा उल्लेखित फर्निचर सामाग्रीहरु खरिद गर्नु पर्ने भएको हुँदा इजाजत प्राप्त फर्म वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । थप जानकारीको लागी मोबाइल नं. ९८४६२१११९७ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं | विवरण | थान | कैफियत |
|---|---|---|---|
| १ | प्लाष्टिक कुर्ची हत्तावाला | २५० | |
| २ | स्पेसल कुर्ची | २५ | |
| ३ | स्टिल दराज ६६x३३ इन्च | ५ | |
| ४ | दराज वाला टेबुल ४x२ फुट | २ | |
| ५ | टि टेबुल ४x२ फुट | ५ | |
| ६ | आराम चियर २ सिटर ४८x२४ इन्च | ५ | |
| ७ | आराम चियर १ सिटर २४x२४ इन्च | १० | |
| ८ | पोडियम ४x२ फुट | १ | |

ध्रुव कुमार श्रेष्ठ
अध्यक्ष

# बेनी–जोमसोम सडक दैनिक पाँच घण्टा बन्द हुने

पोखरापत्र संवाददाता

म्याग्दी, २३ फागुन

कालीगण्डकी करिडोरको बेनी–जोमसोम सडकखण्ड आजदेखि दैनिक पाँच घण्टा बन्द हुने भएको छ।

मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र ढकालले करिडोरअन्तर्गत बेनी–जोमसोम खण्ड रहेको घाँसा, काभ्रेभिरलगायतका स्थानमा सडक चक्लाबन्दी गर्न लागिएका कारण आजदेखि उक्त सडकखण्ड दैनिक पाँच घण्टा बन्द गर्ने निर्णय गरिएको जानकारी दिनुभयो । जिल्ला सुरक्षा समितिको निर्णयले यही फागुन २३ देखि आगामी चैत १५ गतेसम्म सडक दैनिक बिहान ९ बजेदेखि ११ बजेसम्म र दिउँसो २ बजेदेखि ५ बजेसम्म गरी दैनिक पाँच घण्टा बन्द गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

कालीगण्डकी करिडोरको सो सडकखण्ड हिमालपारिको जिल्ला मुस्ताङलाई सडक मार्गबाट जोड्ने एक मात्र सडक हो । यसअघि पनि मुस्ताङको थासाङ गाउँपालिका–४ मा भिरको कडा चट्टानलाई नेपाली सेनाले विस्फोटक पदार्थको प्रयोग गरी सडक चौडा गर्ने काम गर्न फागुन १५ गतेसम्म दैनिक ४ घण्टा उक्त सडक बन्द गरिएको थियो ।

"फागुन २३ देखि चैत १५ गतेसम्म विस्फोटक पदार्थको प्रयोग गरेर घाँसा, काभ्रेभिरलगायतका स्थानमा कडा चट्टान फुटाउनुपर्ने भएको छ । यो अवधिमा बिहान ९ बजेदेखि ११ बजेसम्म र दिउँसो २ बजेदेखि ५ बजेसम्म सबै प्रकारका सवारीसाधन अवरुद्ध हुने छन्", उहाँले भन्नुभयो, "आवश्यक सहयोगको लागि जिल्ला प्रहरी कार्यालय मुस्ताङ, प्रहरीचौकी घाँसा र तत्कालको सहयोगको लागि इलाका प्रहरी कार्यालय दाना म्याग्दीमा समन्वय गर्न सकिने छ ।"

# आगलागी पीडितलाई राहत उपलब्ध गराउन माग

पोखरापत्र संवाददाता

तनहुँ, २३ फागुन

तनहुँको व्यास नगरपालिका–४ मा आइतबार भएको आगलागीबाट पीडित भएकालाई राहत उपलब्ध गराउन नेपाली कांग्रेस र नेकपा (एमाले)ले सरकारसँग माग गरेका छन् । आगलागीबाट घर क्षति भएकालाई उचित राहत उपलब्ध गराउन ती दुई पार्टीले सरकारसँग माग गरेका हुन् ।

कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालद्वारा जारी विज्ञप्तिमा भूपाल हार्डवेयर र ज्योति जनरल सप्लायर्स र त्यस आसपासका अन्य व्यावसायिक तथा घरमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै उचित राहतको माग गरिएको छ । "भीषण आगलागी नियन्त्रणका लागि सहयोग पुऱ्याउने सबैप्रति कृतज्ञता व्यक्त गर्दै क्षतिको यथार्थ मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दछौँ", विज्ञप्तिमा भनिएको छ ।

यसैगरी एमाले तनहुँले पनि आगलागीबाट पीडित भएकालाई राहत उपलब्ध गराउन माग गरेको छ । एमाले जिल्ला उपसचिव प्रदीपराज अधिकारीले दुःखको घडीमा सहानुभूति प्रकट गर्दै क्षतिको यकिन मूल्याङ्कन गरी पीडितलाई राहत उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो ।

आइतबार बिहान १० बजेदेखि लागेको आगो दिउँसो २ बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो । आगलागीबाट करोडौँ क्षति भएको प्रारम्भिक अनुमान छ । क्षतिको यकिन विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार आगलागीबाट भूपाल हार्डवेयरको गोदाम पूर्णरुपमा क्षति भएको छ । त्यस्तै ज्योतिकुमार श्रेष्ठको तीनतले पक्की घरको पछाडि भाग आंशिक र गोदाम पूर्णरुपमा क्षति भएको छ। यसैगरी बलराम रानाको तीनतले पक्की घरको पछाडि एक साइड जलेर आंशिक, कृष्णबहादुर थापाले सञ्चालन गरेको तनहुँसुर मिनी मार्केटको दुई सटर आंशिक, होमबहादुर गुरुङको तीन तले घरको पछाडि भागको झ्यालढोकालगायत गाह्रोमा क्षति, राममाया गुरुङको तीनतले पक्की घरको पछाडि भागको झ्यालढोकालगायतमा क्षति, लालबहादुर गुरुङको चारतले पक्की घरको पछाडिको भाग झ्याल ढोका जली आंशिकरुपमा क्षति भएको छ। यस्तै लिलबहादुर विकको दुईतले पक्की घरको पछाडिको झ्यालको चौकोस जली आंशिक क्षति, नवीन गुरुङको चारतले पक्की घरको पछाडिको झ्याल ढोका जली आंशिक, दीपककुमार श्रेष्ठको तीनतले पक्की घरको पछाडिको झ्यालको सिसा फुटेको वीरदेव धमेलको तीन तले पक्की घरको पछाडि झ्यालको चौकोस सामान्यरुपमा जलेर क्षति पुगेको प्रहरीले जनाएको छ ।

# बागलुङमा विद्युतीय राहदानी वितरण सुरु

पोखरापत्र संवाददाता

बलेवा, २३ फागुन

बागलुङमा विद्युतीय राहदानी (ई–पासपोर्ट) वितरण सुरु गरिएको छ । जिल्लामै पहिलो पटक जैविक विवरणसहितको राहदानी वितरण सुरु भएको हो ।

आइतबार एक युवालाई विद्युतीय राहदानी हस्तान्तरण गरेर जिल्ला प्रशासन कार्यालयले वितरणको शुभारम्भ गरेको हो । सरकारले 'मेसिन रिडेबल पासपोर्ट' (एमआरपी) विस्थापित गरी व्यक्तिको जैविक विवरणसहितको पासपोर्ट लागू गरेपछि पहिलो पटक विद्युतीय राहदानी वितरण सुरु गरिएको सहायक प्रमुख जिल्ला अधिकारी गणेश पौडेलले बताउनुभयो ।

जिल्ला प्रशासनले माघ २८ गतेदेखि जिल्लामा विद्युतीय राहदानीका लागि जैविक विवरणसहितको फाराम सङ्कलन सुरु गरेको थियो । पासपोर्टको फाराम एकीकृत गरी पठाएको १५ दिनमा तयारी पासपोर्ट जिल्लामा प्राप्त भएको प्रशासकीय अधिकृत सूर्यलाल विश्वकर्माले जानकारी दिनुभयो । यसअघि सामान्य एमआरपी पासपोर्ट प्राप्त हुने न्यूनतम एक महिनाको समय लाग्थ्यो । ई–पासपोर्ट १५ दिनमै तयार भएको छ । प्रशासन कार्यालयले व्यक्तिको जैविक विवरण कार्यालयभित्र नै लिने गरेको छ । व्यक्तिगत विवरणका लागि व्यक्तिले अनलाइनमार्फत फाराम भर्नसक्ने प्रशासकीय अधिकृत विश्वकर्माको भनाइ छ । सरकारले विद्युतीय राहदानी कार्यान्वयनका लागि गत मङ्सिर १ गतेदेखि एमआरपी फाराम सङ्कलन बन्द गरेको थियो । एमआरपीको म्याद भएको समयसम्म सोही पासपोर्टको काम गर्छ । प्रशासनले दैनिक १० फाराम लिने गरेको छ ।

# गण्डकी प्रदेशका मुख्यमन्त्रीबाट मटिहानीमा पूजाअर्चना

रासस

काठमाडौं, २३ फागुन

मधेस प्रदेशको सद्भावना भ्रमणका क्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सोमबार मटिहानीका धार्मिकस्थलको अवलोकन र पूजाअर्चना गर्नुभएको छ ।

तीनदिने भ्रमणको अन्तिम दिन सोमबार मुख्यमन्त्री पोखरेलले मटिहानीस्थित श्री लक्ष्मीनारायण मन्दिरमा र रामायणकालीन लक्ष्मीसागर तलाउमा पूजाअर्चना गर्नुभएको हो । लक्ष्मीसागर तलाउ त्रेतायुगमा रामसीताको विवाहमा बेदी बनाउन माटो खनिएको पवित्र ठाउँ मानिन्छ । पहिले श्री लक्ष्मीनारायण मन्दिर पुगुभएका पोखरेलले भगवान लक्ष्मीनारायणको पूजाआराधना गर्नुभयो।त्यसअवसरमामुलुकभरिकै मठहरुको नायक मठ श्री लक्ष्मीनारायण परिसरको अवलोकन पोखरेलले गर्नुभयो । मुख्यमन्त्री पोखरेल लक्ष्मीसागर पुगुभई पवित्र तलाउको पूजा र आरतीमा सरिक हुनुभयो । त्यसअवसरमा मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, मठका मानमहन्थ एवं साधुसन्त र उद्योगी व्यवसायीले मुख्यमन्त्री पोखरेलको हार्दिक स्वागत गर्नुभयो । मटिहानी भ्रमणका क्रममा मुख्यमन्त्री पोखरेल विक्रम संवत् १७७५ मा स्थापना भएको हालको राजकीय संस्कृत माध्यमिक विद्यालयको अवलोकन गर्दै त्यहाँ बटुकहरुले नियमित आयोजन गर्दै आएका अखण्ड रुद्राभिषेकमा सरिक हुनुभयो । भ्रमणका क्रममा उहाँले मटिहानीमा निर्मित अत्याधुनिक रङ्गशाला, अतिथिगृह, घण्टाघर र मटिहानी प्रवेशद्वारको अवलोकन गर्नुभएको छ । मटिहानीस्थित नवनिर्मित रङ्गशाला गत मङ्सिर ६ गते राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुभएको हो । मुख्यमन्त्री पोखरेलसहितको भ्रमणटोलीका सदस्यलाई अतिथिगृहमा आयोजित एक समारोहबीच नगरप्रमुख मण्डलले हार्दिक स्वागत गर्दै दोसल्ला ओढाएर मायाको चिनो प्रदान गर्नुभयो । मधेश प्रदेशका मुख्यमन्त्री मोहम्मद लालबाबु राउतको निमन्त्रणामा शनिबार जनकपुर क्षेत्रको भ्रमणमा आउनुभएका पोखरेलको आज पोखरा फर्कने कार्यक्रम छ । यसअघि पोखरेलले महोत्तरीको बर्दिबास नगरक्षेत्रका धार्मिकस्थलको भ्रमण गर्नुभएको थियो । भ्रमणका क्रममा मधेश प्रदेशको विकास प्रयत्नलाई नजिकबाट नियाल्न पाएको पोखरेलको भनाइ छ ।

# घरघरमा खानेपानी पुगेपछि स्थानीयवासी खुसी

पोखरापत्र संवाददाता

तनहुँ, २३ फागुन

बन्दीपुर गाउँपालिका–१ भैँसीगोठ खानेपानी योजनाको निर्माण पूरा भएको छ । गाउँपालिकाको आर्थिक सहयोग, स्थानीयवासीबाट सङ्कलित रकम र जनश्रम व्यहोरेर उक्त योजना सम्पन्न गरिएको हो ।

विगत लामो समयदेखि कुवाँको पानी बोकेर ल्याइ खाने गरेका उक्त बस्तीको घरघरमा पानीको धारा पुगेपछि स्थानीयवासी खुसी भएका छन् । कूल रु १९ लाख ६५ हजारको लागतमा उक्त योजना सम्पन्न भएको भैँसीगोठ खानेपानी तथा उपभोक्ता समितिका अध्यक्ष सुस्मा कार्की शाहीले जानकारी दिनुभयो । उक्त योजनाका लागि बन्दीपुर गाउँपालिकाबाट रु ११ लाख ५० हजार, उपभोक्ताबाट सङ्कलित रु चार लाख ८५ हजार र रु तीन लाख ३० हजार बराबरको जनश्रम व्यहोरिएको थियो ।

उक्त योजनाबाट ३४ वटा धारा निर्माण गरी खानेपानी वितरण गरिएपछि त्यसक्षेत्रका ५३ घरधुरीका बासिन्दा लाभान्वित भएका छन् । गाउँमा खानेपानीको धारा नहुँदा कुवाको पानी बोकेर ल्याउनुपर्ने बाध्यता अब आउँदा दिनमा नहुने उहाँले बताउनुभयो । बस्तीदेखि कुवा टाढा रहेका कारण पानीका लागि एक जनशक्ति नै खटाउनुपर्ने बाध्यता यहाँका बासिन्दाको रहेको उपभोक्ता समिति सदस्य लक्ष्मी थापाले बताउनुभयो । सोही वडास्थित खहरे खोल्सीको पानी लिफ्टिङ गरेर बस्तीमा पानी वितरण गरिएको हो । खोल्सीको पानी करिब ३०० मिटर उचाइमा लिफ्ट गरी ट्याङ्कीमा सङ्कलन गरेर वितरणको व्यवस्था मिलाइएको वडाध्यक्ष भानुभक्त पोखेलले बताउनुभयो । कुवाको पानी पिउन बाध्य यहाँका बासिन्दालाई सफा पानी खुवाउनका लागि बजेट उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो ।

गाउँपालिकाले खानेपानी, स्वास्थ्य, शिक्षा, व्यावसायिक पशुपालन, तरकारीखेती र विकास निर्माणका कार्यलाई प्राथमिकतामा राखेर काम गर्दै आएको उहाँको भनाइ थियो ।

# सिसैसिसाको स्काइ ब्रिज सञ्चालनमा

पोखरापत्र संवाददाता

पर्वत, २३ फागुन

सिसैसिसाले बारिएको आकाशे पुल (स्काइब्रिज) यहाँ सञ्चालनमा ल्याइएको छ । कुस्मा बजारस्थित कालीगण्डकी नदीको खोँचमा बनाइएको स्काइब्रिज राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिनाले सोमबार उद्घाटन गर्नुभयो ।

कुस्मास्थित हर्नेस जिपलाइन प्रालीले टिकटक पारखीका लागि लक्ष गरेर मुलुकमै पहिलो पटक यस्तो पुल निर्माण गरेको कम्पनीका निर्देशक राजकुमार बस्नेतले जानकारी दिनुभयो । कालीगण्डकी नदीको सतहदेखि भण्डै २५० मिटरको उचाइमा रहेको पुलबाट नदी र भिरको दृश्य छर्लङ देखिन्छ । तल हेर्दा डर लाग्नाका साथै आनन्द पनि लिन सक्नेगरी पुल बनाइएको हो । एकैपटकमा १०० जनासम्मले स्काइब्रिजको वारपार गर्नसक्ने उहाँको भनाइ थियो । पुल ३५ फिट लामो र ११ फिट चौडा छ । "हामीले नेपालका लागि पहिलो सिसाको पुल बनाएका हौँ", उहाँले भन्नुभयो, "अहिले युवाको आकर्षण टिकटकमा भएका कारण यसले टिकटक बनाउन युवायुवतीलाई आकर्षण गर्ने विश्वास लिएका छौँ ।"

स्काइब्रिजमा पसेर नाच्न र गाउँन पनि सकिने छ । अहिले निर्माण भएको छोटो स्काइब्रिजको सफलता र प्राविधिक पक्ष हेरेर भविस्यमा विश्वकै लामो सिसाको पुल बनाउने योजना रहेको निर्देशक बस्नेतले बताउनुभयो । स्काइब्रिज विश्वकै दोस्रो लामो सुपरम्यान जीपलाइन र विश्वकै दोस्रो अग्लो बञ्जी तथा विश्वकै अग्लो स्विङसँगै छ ।

हर्नेस प्रालीले कुस्मा बजारमा नै पहिलो पटक ज्वाइन्ट स्विङ पनि सञ्चालनमा ल्याएको छ । आइतबारदेखि सञ्चालनमा आएको स्विङमा पहिलो दिनमा नै २० जोडीले मज्जा लिएको उहाँको भनाइ थियो । कम्पनीले यसअघि विश्वकै दोस्रो लामो सुपरम्यान जीपलाइन पनि सञ्चालनमा ल्याएको छ । अहिले जीपलाइनमा बालबच्चादेखि ८० वर्षे वृद्धसम्मको आकर्षण छ । पोखरा र अन्य ठाउँबाट पनि धेरै पर्यटकले जीपलाइनमा आउने इच्छा गर्दै समय बुक गराउनेक्रम बढिरहेको प्रबन्ध निर्देशक सुनिलसिंह बानियाँले बताउनुभयो । "बन्जी, स्वीङलगायत साहसिक खेलभन्दा जीपलाइनमा केही कम डर हुने अनुभव जीपलाइनमा बगेकाले सुनाएका छन् । जीपलाइनप्रति उनीहरुको धारणा कस्तो रह्यो भन्नका लागि हरेक जनासँग सोध्ने गरेका छौँ", उहाँले भन्नुभयो । जीपलाइनका लागि रु तीन हजार ५०० शुल्क तोकिएको छ ।

कालीगण्डकी नदीको सतहदेखि भन्डै २५० मिटरको उचाइबाट सुरु हुने जीपलाइनको सुरुवाती गति प्रतिघण्टा १३० किलोमिटरको गतिमा बगेर गन्तव्य नजिकिँदै जाँदा बिस्तारै घट्दै जाने गर्दछ । एक हजार ४८० मिटरको दूरी पार गरिसक्दा नदी किनारमा कम्पनीले नै निर्माण गरेको रिसोर्टमा पुगेर जीपलाइन ल्यान्डिङ हुन्छ ।

# लेकै फुल्यो लालीगुराँस, रमाए पर्यटक

–धुबसागर शर्मा

म्याग्दी, २३ फागुन

सामान्यतया चैत वैशाखमा फुल्ने लालीगुराँस यस वर्ष साविकभन्दा पहिले नै फुलेर जङ्गल नै रातामैं भएपछि लालीगुराँससँग रमाउन आन्तरिक पर्यटक लेक उक्लन थालेका छन् ।

यस वर्ष पुसदेखि नै लालीगुराँस फुलेर म्याग्दीका ग्रामीण जङ्गल राता देखिन थालेका छन् भने काफल र ऐँसेलुजस्ता जङ्गली फल पनि बेमौसममै फल्न सुरु भएको छ । म्याग्दीका अन्नपूर्ण, रघुगङ्गा, मालिका, मङ्गला र धवलागिरि गाउँपालिकाका जङ्गलमा ढकमक्क लालीगुराँस फुलेर बन पाखा नै रातामै देखिन थालेका छन् । फागुनको मध्यदेखि कोपिला लाग्न सुरु हुने लालीगुराँस यस वर्ष भने फागुनको दोस्रो सातामा नै ढकमक्क फुलेका हुन् । जिल्लाका जङ्गलमा पुसदेखि नै लालीगुराँस फुल्नाका साथै जङ्गली फलफूल र कन्दमूल पाक्न थालेका थिए । यसरी बेमौसममा नै लालीगुराँस फुल्नु र जङ्गली फलको मौसमी चक्र परिवर्तन हुनुमा तापमान अर्थात् जलवायु परिवर्तनको प्रत्यक्ष असर परेको वातावरणविद्ले बताएका छन् । लालीगुराँस फुलेपछि फागुन र चैतमा वनजङ्गल रङ्गीविरङ्गी हुने र त्यसले सबैको मन लोभ्याउने गर्दछ । "लालीगुराँसको फूल चैत, वैशाख महिनामा फुल्ने गर्दथ्यो तर केही वर्षयता बढ्दै गएको गर्मीसँगै लालीगुराँस चाँडै फुल्न थालेकोछ", बेनीनगरपालिका–२ ज्यामरुककोटका वृद्ध वेदप्रसाद उपाध्यायले बताउनुभयो । लालीगुराँस मात्रै नभएर अन्य फूलसमेत बेमौसममा फुल्न थालेको र अन्नबालीमासमेत यसको असर देखिएको मालिका गाउँपालिका–३ का जगबहादुर विकले उल्लेख गर्नुभयो, "अहिले बेमौसममा नै काफल, तिजुलगायत जङ्गली फल पाकेको र गुराँस फुलेको देख्नपाइएको छ।" वातावरणविद् चन्द्रमणि सापकोटाका अनुसार स्वभाविक समय अगाडि नै गुराँस फुल्नु र बेमौसमी फल फल्नु स्वभाविक प्राकृतिक गुण नभएर वातावरणीय असर हो । विश्वमा बढ्दो तापक्रम वृद्धि र जलवायु परिवर्तनका कारण कतिपय देखिने र धेरै नदेखिने परिवर्तन भइरहेका छन् ।

उहाँका अनुसार जलवायु परिवर्तनका कारण हिमाल, वनस्पति, मानव स्वास्थ्य र महिलाको प्रजनन प्रक्रियामा समेत धेरै परिवर्तन देखिएका छन् । गर्मी ठाउँमा मात्र पाइने लामखुट्टे हाल उच्च पहाडी र हिमाली भागमा पनि देखिन थालेको छ ।

जलवायु परिवर्तनकै कारण महत्वपूर्ण जडीबुटी तथा वनस्पति लोप भइसकेका छन् । साथै पृथ्वीमा समयमै पानी नपर्ने, परे पनि कहिले अतिवृष्टि त कहिले अनावृष्टि हुने भइरहेको छ । यसैगरी कहिले अत्यधिक वर्षा भई धनजनको विनाश हुने त कहिले पानी नै नपरी खेतीबाली तथा वनजङ्गल नै सुक्ने अवस्था आइरहेको छ । जलवायु परिवर्तनकै कारण नयाँनयाँ रोग देखिएका छन् । यसले विश्वकै लागि एक प्रमुख चुनौतीको विषय बनाएको र असर बढ्दै जाँदा नेपालका हिमाली क्षेत्रमा पाइने महत्वपूर्ण जडीबुटी यार्सागुम्बालगायत वनस्पति पनि लोप हुने खतरा बढेको छ । वायुमण्डलको तापक्रम, हावाको बहाव र वर्षातमा हुने घटबढका कारण पृथ्वीको कुनै पनि भागको मौसममा हुने परिवर्त नै जलवायु परिवर्तन हो । पृथ्वीको वायुमण्डलमा खासगरी नाइट्रोजन, अक्सिजन, कार्वनडाइअक्साइडजस्ता ग्यास घटबढ भएमा जलवायु परिवर्तन हुने मौसमविज्ञ बताउँछन् ।

हालपृथ्वीको वायुमण्डलमा कार्बनडाइअक्साइड, नाइट्रोजन र मिथेनजस्ता ग्यासको मात्रा दिन प्रतिदिन बढ्दै गइरहेकाले वायुमण्डलमा असन्तुलन भएर र हरितगृहको ग्यास बढ्न पुग्दा पनि जलवायु परिवर्तन हुन्छ । जलवायुमा भएको परिवर्तनका कारण मानव स्वास्थ्यमा समेत नराम्रो असर देखिन थालेका चिकित्सक तथा वातावरण विज्ञले बताएका छन् ।

# 'विकास निर्माणमा राजनीति गर्नुहुँदैन'

पोखरापत्र संवाददाता

पर्वत, २३ फागुन

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले विकास निर्माणका काममा राजनीति गर्न नहुने बताउनुभएको छ ।

पर्वतको कुस्मा नगरपालिका–१ पाङ्मा रहेको पाङ्धैरेनी माविमा नवनिर्मित विद्यालय भवनको उद्घाटन गर्दै अध्यक्ष तिमिल्सिनाले जुनसुकै दलको नेतृत्व सरकार भए पनि विकास निर्माणका कार्यमा सबैको सहकार्य र एकता हुनुपर्नेमा जोड दिनुभयो । उहाँले लामो समयको राजनीतिक अन्योलतापछि मुलुक विकास निर्माण र समृद्धिको युगमा प्रवेश गरेको बताउँदै यो समयलाई सबै राजनीतिक दलले अवसरको रुपमा लिएर भौतिक पूर्वाधारमा जोड दिनुपर्ने बताउनुभयो । तिमिल्सिनाले अबको तीनै तहका सरकारका योजना दिगो विकासतर्फ उन्मुख हुनुपर्ने बताउनुभयो ।

बजेट विनियोजनमा टुक्रे योजनालाई प्राथमिकता नदिन आग्रह गर्दै अध्यक्ष तिमिल्सिना दीर्घकालीन महत्वका योजनामा जोड दिनुपर्ने बताउनुभयो । उहाँले शिक्षा क्षेत्रमा आमूल परिवर्तनको खाँचो रहेको बताउनुभएको छ । अझै पनि नेपालको शिक्षा व्यावहारिक र जीवन उपयोगी बन्न नसकेको बताउँदै गाउँगाउँमा प्राविधिक र सीप विकाससम्बन्धी शिक्षा प्रवाह गर्नुपर्नेमा उहाँको जोड रहेको छ ।